# स्थिर वैद्युत खपतको नियम




विद्युतीय उपकरणहरूले हाम्रो जीवनलाई सहज र समृद्धि बनाएको छ। ती उपकरणहरू प्रयोग गरेर राम्रो प्रभाव मात्र नभई नराम्रो प्रभाव पनि देखिन्छ। जस्तै विश्वव्यापी वातावरणीय विनाश। पृथ्वी रोइराहेको जस्तो पनि देखिन्छ। वृद्धवृद्धा धेरै भएको समाजमा विद्युतीय उपकरणहरू नभई नहुने चीज हुन्छ। तर पृथ्वीका प्राकृतिक स्रोत त सीमित छ। यस विरीधाभासबारे जोच्ने हो भने आफ्नो सुविधाका लागि लिफ्ट या एस्केलेटर प्रयोग गर्नुको सट्टामा भारी सामान बोक्ने मानिस वा अशक्त व्यक्तिहरूलाई दिनु राम्रो हुन्छ। हामी स्वस्थ रहन्जेल सकेसम्म आफ्नो शरीर प्रयोग गर्ने प्रयास गरौं। हाम्रो शरीर पनि ऊर्जा उत्पादन गर्ने स्रोत नै हो।

आनन्दी जीवन : तेन्टिक्यो

उत्साहपूर्वक काम गरेमा परमेश्वर पनि उत्साहित हुन्छ।
परमेश्वर उत्साहित भएमा संसारमा जतातत्तै उत्साहित हुन्छ।

(दैवी वाणी, सन् १९०७ मे ३०)



यस संसारमा आनन्दी जीवन साकार पार्नु नै मानव जीवनको परम लक्ष्य हो। त्यो मानवको आध्यात्मिक पारिपक्कतामा निर्भर हुन्छ । मानवहरू कसरी उत्साहपूर्वक जीवन यापन गर्न सक्छन र कति आपसी सहयोग गर्न सक्छन् भन्ने कुरा विचारनीय छ। त्यसलाई हेरेर परमेश्वर पनि उत्साह हुनुहुनेछ र परमेश्वर उत्साह भएपछि सबै चीजहरूको विकास पनि सहज रूपमा अगाडि बढ्नेछ । खाद्यान्नको उत्पादन स्थिर भएमा संसार सुव्यवयस्थित हुन्छ। बालीनाली नराम्रो भएमा मानिसहरू त्रासित हुन्छ भने अति धेरै उपलब्ध भएमा मानिसहरू फेरि अल्मलिन्छन् । विश्व शान्ति केवल परमेश्वरको संरक्षणमा नै साकार हुन्छ।

https://www.tenrikyo.or.jp/nep/